स्थानीय राजपत्र

# सिंजा गाउँपालिका

कर्णाली प्रदेश

खण्ड: संख्या: मिति

## सिंजा गाउँपालिका

## गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितरण तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना:**

गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण तथा व्यवस्थापन सम्वन्धी कार्यविधि वनाउन बाञ्छनीय भएकोले गरिव असाय व्यक्तिको स्वास्थ्य उपचार सेवा तथा व्यवस्थापन ऐन, २०७६ को अधिकार प्रयोग गरी सिंजा गाउँपालिकाले यो कार्यविधि वनाएको छ ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१. यस कार्यविधिको नाम "गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण व्यवस्थापन कार्यविधि, २०८३ भन्ने वुझ्नुपर्छ ।

(ख) "कोष" भन्नाले गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण तथा व्यवस्थापन कोष भन्ने वुझ्नुपर्छ ।

(ग) "व्यवस्थापन समिति" भन्नाले गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण तथा व्यवस्थापन समिति वुझ्नुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले सिंजा गाउँपालिका गाउँ कार्यपालिका वुझ्नुपर्छ ।



CamScanner

(ङ) "गरिब असाय" भन्नाले राज्यले तोकेको भन्दा वार्षिक आय न्यून भएका परिवारलाइ बुझ्नुपर्छ ।

(च) स्वास्थ्य उपचार भन्नाले कुनै जटिल रोगलागी वा विपदमा परी घाइते भएमा उपचार गर्न पाउनु भन्ने बुझ्नुपर्छ ।

३. कोष स्थापना:

(१) "गरिब असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

४. कोषको कार्यालय:

(१) कोषको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहने छ ।

## परिच्छेद-२

## कोषको अवधारणा लक्ष्य उद्देश्य र नीति

**५. कोषको अवधारणा:** सिंजा गाउँपालिकामा हुने सवै प्रकारका ‚ तथा प्रभावित व्यक्ति परिवार वा कुनै रोग लागि आफै उपचार गर्न नसक्ने न्यून आर्थिक अवस्था भएका परिवारको पहिचान गरि उपचारको लागि राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य:** प्राकृतिक तथा मानव सृजित विपद्को प्रकोपमा परेका व्यक्ति वा परिवारलाई र कुनै जटिल रोग लागि आफै उपचार गर्न नसक्ने व्यक्तिको पहिचान तथा प्राथमिकिकरण गर्दै उपचरारको लागि आर्थिक सहयोग गर्ने यस कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य:** कोषको उद्देश्यहरु देहायवमोजिम हुनेछन्:

(१) विरामीलाई उद्दार तथा राहत जुटाउनु पहल गर्ने ।

(२) जोखिम रोगको पहिचान गरि वा विपद्मा परी चोटपटक लागेमा आर्थिक सहयोग गर्ने ।

(४) स्वास्थ्य उपचारको लागि काम गर्ने सवै निकायहरुका बीच समन्वय गर्ने ।

(९) विपदबाट पीडित व्यक्तिहरुलाई र विरामीलाई तत्काल उद्दार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

८. नीति:

(१) विपद् पीडित (चोटपटक लागेका) र बिरामीको तत्काल उद्दार गर्ने ।

(२) उपचारको लागि राहत स्वरुप आर्थिक सहयोग उपलब्ध गराउने ।

(३) विपद् पीडितहरुलाई बिरामी लाई सहयोग उपलब्ध गराउनका लागि स्वास्थ्य कामगर्ने सम्बन्धित सबै निकायहरुका बीच समन्वय गर्ने ।

## परिच्छेद-३

## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका लागि देहाय बोजिमको व्यवस्थापन समिति गठन हुनेछ:

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) नेपाल प्रहरी, नेपाली सेना तथा सशस्त्र प्रहरीका स्थानीय प्रमुख | - सदस्य |
| ग) सामाजिक विकास समितिका संयोजक | - सदस्य |
| घ) रेडक्रस सोसाइटी गाउँपालिका शाखा हेर्ने संयोजक | - सदस्य |
| ङ) प्रशासन शाखा प्रमुख वा निजले तोकेको व्यक्ति | सदस्य |
| च) स्वास्थ्य शाखा प्रमुख | -सदस्य सचिव |

२) व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ६ पटक वा आवश्यकता अनुसार वस्ने छ।

३) वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

४) आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ।

५) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा वैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

६) वैठकको निर्णय अधयक्षद्धारा प्रमाणित गर्नुपर्नेछ ।



CamScanner

१०) समितिको काम, कर्तव्य र अधिकार

(१) "गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण व्यवस्थापन समितिको काम कर्तव्य र अधिका देहाय बमोजिम हुनेछन ।

क) स्वास्थ्य उपचारको लागि आर्थिक श्रोत जुटाउने,

ख) कोषको वार्षिक योजना तर्जुमा गरि गाउँसभामा पेश गर्ने,

ग) स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने

घ) विपद्‌बाट पीडित (चोटपटक लागेकाव्यक्ति र परिवार) उपचारको लागि तत्काल राहत उपलब्ध गराउने,

ङ) विरामीको अवस्था मुल्याङ्कन गर्न मेडिकल रिपोर्टलाई आधारमानी विरामीको अनुगमन, सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

**११. अध्यक्षका काम, कर्तव्य र अधिकारः अध्यक्षका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।**

क) बैठकको अध्यक्षता गर्ने,

ख) बैठक बोलाउन सचिवलाई दिर्नेशन दिने,

ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने,

घ) समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

ङ) कोषको वित्तीय श्रोत जुटाउने र परिचालन गर्ने गराउने,

च) कोषको निर्णयहरु सार्वजनिक गरि पारदर्शिता कायम गराउने,

छ) कोषको बैठक सहभागितात्मक रुपमा गराउने,

ज) कोषको तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने,

झ) कोषको तर्फबाट अन्य निकाय, संघ/संस्थासंग सम्झौता गर्नुपर्ने भए गर्ने गराउने,

ञ) कोषको योजना तर्जुमा तथा सोको स्वीकृती गर्न गराउन आवश्यक कार्वाही गर्ने गराउने,

ट) कोषका कामको अनुगमन मुल्याङ्कन गर्ने गराउने ।



CamScanner

१२. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार:** कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अधयक्षसंग सल्लाहमा छलफलका विषयवस्तुहरु तयार गरि निर्णयार्थ बैठकमा पेश गर्ने,

ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने,

ग) कोषसंग सम्बन्धित सूचनाहरु, तथ्याङ्क तथा अभिलेख अध्यावधिक गर्ने,

घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने,

ङ) कोषका कार्यक्रम तर्जुमा स्वीकृति र कार्यान्वयन गर्न आवश्यक कार्वाही गर्ने,

च) कोषको प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

छ) कार्यहरुको अनुगमन गर्ने गराउने,

ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

१३. **सदस्यको काम, कर्तव्य र अधिकार:** कोषको सदस्यको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) बैठकमा उपस्थित भई छलफलमा सकियतापूर्वक भाग लिने,

ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने,

ग) तोकिएको जिम्मेवारीलाई पूरा गर्ने,

घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

च) कोषका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।



CamScanner

## परिच्छेद-४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१४. कोषको वित्तीय व्यवस्थापन:**

१. **कोषमा देहायका रकमहरु रहने छन् :**

क) गाउँसभाबाट गरिब असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) अन्य स्थानीय तह बाट प्राप्त हुने रकम,

ग) दातृ निकाय परियोजना गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम,

घ) कोषलाई सेवा शुल्कबाट प्राप्त हुने रकम,

ङ) कोषलाई अन्य विभिन्न स्रोतहरुबाट प्राप्त अनुदान सहयोग हुने रकम ।

२. कोषको रकम नेपाल राष्ट्र बैंकद्वारा क वर्गको इजाजत प्राप्त कुनै पनि बैकमा छुट्टै खाता खोलि जम्म गरिने छ । कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखापलको संयुक्त दस्तखतबाट हुनेछ ।

३. कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्था:** कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएबमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ ।

**१६. बर्जित गरिएको बारे:** कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न बर्जित गरिएको छ ।

**१७. प्रशासनिक व्यवस्था:** कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीहरुवाट नै सञ्चालन गरिनेछ ।

**१८. बैठक भत्ता:** कोषको व्यवस्थापन समितिको वैठकमा भाग लिने पदाधिकारी सदस्यहरु तथा अन्य आमन्त्रितहरुलाई गाउँ कार्यपालिकाको निर्णयानुसार भत्ता उपलब्ध गराईनेछैन ।

**१९. कार्यक्रम संचालन सम्बनधी खर्च व्यवस्थापन:**

१. कोषबाट सञ्चालन हुने कार्यक्रमहरु कोषले आफै वा अन्य सरकारी गैरसरकारी निकायसंग मिलेर सञ्चालन गर्न सक्नेछ ।

२. कोषको आफ्नो कार्यक्रम गैर सरकारी संघ-संस्थाहरुको प्राविधिक सहयोगबाट सञ्चालन गराउन सक्नेछ ।

३. गाउँपालिकाभित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन सम्वन्धी कार्यक्रमरु अन्य कुनै

निकायद्धारा गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण व्यवस्थापन गरिन्छ भने उक्त कार्यक्रम सञ्चालनको स्वामित्व गाउँ कार्यपालिकामा रहनेछ ।

२०. **राहत तथा उद्धार कार्य सञ्चालन सम्बन्धी व्यवस्था:** गाउँपालिकाका कुनै पनि व्यक्ति वा परिवार विपद्मा परि वा बिरामी भएको अवस्थामा देहायबमोजिमको व्यवस्थापन गरिनेछ ।

क) बिरामीको अवस्था र रोगको प्रकृति पहिचान गराई राहत स्वरुप तत्काल आर्थिक सहयोगको व्यवस्था गरिने,

ख) वडाको सिफारिस र व्यक्ति वा बिरामीको सर्जमिन मुचुल्का गराई राहत अनुदानका लागि गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

घ) वडाको सिफारिस साथ गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समिति समक्ष उपचारको लागि सिफारिस गर्ने ।

ङ) यस खण्डमा जेसुकै लेखिएको भएतापनि यस सम्वन्धमा गरिव असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितरण तथा व्यवस्थापन समितिको निर्णय अन्तिम मानिनेछ ।

२१. गरिव असाय व्यक्तिको **बर्गिकरण:** गाउँपालिकामा आईपर्ने विपद्वाट प्रभावित चोटपटक लागेका वा विरामीहरु को वर्गिकरण देहाय वमोजिम हुनेछ ।

**क) सामान्य विरामी वा प्रभावित:** प्राकृतिक वा मानव सृजित विपद् जस्तै भुकम्प, पहिरो, आगलागि आदिवाट चोटपटक लागेका वा सामान्य रोग लागेका व्यक्ति ।

**ख) जटिल विरामी वा अति प्रभावित:** प्राकृतिक तथा मानव सृजित विपद्वाट प्रभावित भई ठुलो चोटपटक लागेका वा जटिल रोग लागि आफै उपचार गर्न नसक्ने व्यक्ति ।

२२. **राहत वितरण व्यवस्थापन सम्बन्धी:**

क) विरामी रहेको सम्वन्धित वडाको सिफारिसमा विरामी लाई बुँदा नं.

(क) सामान्य किसिमको वर्गीकरणमा परेकाहरुलाई अस्पतालको रिपोटको विलको आधारमा रु ५०००। (पाँच हजार) सम्म उपलब्ध गराउने,

ख) विपद तथा जोखिम प्रभावित चोटपटक लागेको व्यक्ति वा विरामी रहेको सम्वन्धित वडाको सिफारिसमा विरामीलाई रु १००००। (दश हजार) सम्म

(ग ) अति जोखिम समस्याहरु भएको वर्गीकरणमा परेकाहरुलाई देहायबमोजिम राहत उपलब्ध गराउने, रु १५०००। (पन्ध्र हजार) सम्म

(घ ) राज्य बाट सुचिकृत भएको रोग भएको ८ प्रकारक  रोगहरु  बीलको आधारमा प्रति व्यक्ति रु २०,०००।- (बीस हजार) सम्म उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-५

## विविध

२४. **विविधः कोषबाट कार्यक्रम संचालन गर्नुपर्नेः**

१) गाउँ कार्यपालिकाको कार्यालय, गाउँ कार्यपालिका र यस अन्तर्गतका समिति उपसमितिबाट गरिब असाय व्यक्तिको स्वास्थ्य उपचारको लागि राहत वितण व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछन् ।

२५. **जाँच पास तथा फरफारकः** कोषबाट सञ्चालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

२६. **गाउँपालिका विकास योजनामा समावेश गर्नेः** कोषवाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ ।

२७. **कार्यविधिको संशोधनः** यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

२८. **बचाउ र खारेजीः**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्वन्धी प्रचलित कानुनसंग वाभिन गएमा वाभिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

ख) कुनै कारणवाट कोष सञ्चालन हुन नसकेमा गाउँ कार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउँ कार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।